# माडी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## घर्तिगाउँ, रोल्पा

## प्रदेश नं. ५ नेपाल

### करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७७/०५/२९)

माडी गाउँपालिकाका लागी तपसिल बमोजिमका पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य– विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.madimunrolpa.gov.np मा उपलब्ध हुनेछ ।

**१. आवश्यक पदको विवरण :**

| क्र.सं. | पद | संख्या | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|
| १. | अ.हे.ब. | १ | वडा नं. ५ |
| २. | सामाजिक परिचालक | ६ | प्रत्येक वडामा १ जना |
| ३. | कार्यालय सहयोगी | १ | वडा नं. ४ |

**२. शैक्षिक योग्यता र अनुभव (नमुना) :**

१. नेपाली नागरिक ।

२. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष (महिलाको हकमा ४०) ननाघेको हुनुपर्ने ।

३. न्यूनतम योग्यता, अनुभव

| क्र.सं. | पद | न्यूनतम योग्यता | अनुभव |
|---|---|---|---|
| १. | अ.हे.ब. | मान्यताप्राप्त संस्थाबाट सि.एम.ए वा सो सरह उत्तीर्ण, काउन्सिल दर्ता भएको | अ.हे.ब.को रूपमा कार्य गरेको |
| २. | सामाजिक परिचालक | एस.एल.सी. वा सो सरह उत्तीर्ण | स्वास्थ्य, सरसफाइ क्षेत्रमा काम गरेकोलाइ ग्राह्यता |
| ३. | कार्यालय सहयोगी | सामान्य लेखपढ | कम्प्यूटर चलाउन जानेकालाइ ग्राह्यता |

४. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**३. दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**४. दरखास्त दस्तुरः** अ.हे.ब., सामाजिक परिचालक पदका लागि ५००।–, तथा का.स. पदका लागि १००।–